नेपाल सरकार
जनसंख्या तथा वातावरण मन्त्रालय
प्रेस विज्ञप्ति

आज मिति २०७४ पुस ७ गते माननीय जनसंख्या तथा वातावरण मन्त्री श्री मिथिला चौधरी ज्यूको अध्यक्षतामा यस मन्त्रालय, अन्तरगतका निकाय (जल तथा मौसम विज्ञान विभाग,वातावरण विभाग र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र) तथा आयोजनाहरुबाट आ.व.२०७४/७५ को प्रथम चौमासिक अवधिमा सम्पादन भएका कार्यको समिक्षा एवं कार्यसम्पादन गर्दा आई परेका समस्या समाधान गर्नको लागि मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिको बैठक (MDAC) एवं प्रथम चौमासिक प्रगति समिक्षा भई चौमासिक कार्यक्रम कार्यान्वययनको अवस्था, चुनौती र त्यसको समाधानका विषयमा सम्बन्धित निकायहरुबाट गरिएका प्रयासहरुका विषयमा समिक्षा गरीयो । उक्त कार्यक्रममा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

सो अवसरमा माननीय जनसंख्या तथा वातावरण मन्त्रीज्यूले आं.व. २०७४/७५ को प्रथम चौमासिक अवधिमा केहि कार्यक्रमहरुको प्रगतिको अवस्था सन्तोषजनक र केहिको निरासाजनक देखिन्छ भन्नुहुदै बाँकी अवधिमा लक्षित कार्यक्रम सम्पन्न गर्न निर्देशन दिनु भयो । साथै कार्यान्वयन तहमा आई परेका कठिनाइहरु समाधानका लागि मन्त्रालयको तहमा वा अन्तर निकायगत तहमा समन्वयका निम्ति आफु तयार रहेको समेत बताउनुभयो । सो कार्यक्रममा जनसंख्या तथा वातावरण मन्त्रालयका सचिव श्री प्रकाश माथेमाले प्रथम चौमासिक अवधिमा सम्पादित भएका कामहरुको समग्र मूल्यांकन सन्तोषजनक रहे पनि बाँकी अवधिमा थप सजगताका साथ कार्यक्रमहरु सम्पादन गर्न निर्देशन दिनु भयो ।सचिव माथेमाले मन्त्रालय भित्र र अन्तरनिकाय बिचको समन्वयलाई थप उर्जा शिल बनाउन आग्रह गर्नुहुदै कार्यक्रम कार्यान्वयनका चरणमा बजेट तथा खर्चका प्रक्रियाहरु प्रचलित कानुन वमोजिम गर्न र बेरुजु फछ्यौंट लक्ष्य अनुरुप गर्न निर्देशन दिनुभयो ।सो कार्यक्रममा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रलयका प्रतिनिधिहरुले समेत आ-आफ्नो मन्तव्य राख्नुभएको थियो।

योजना, अनुगमन तथा प्रशासन महाशाखा प्रमुख लक्ष्मीकुमारी वस्नेतले कार्यक्रममा मन्त्रालय र अन्तरगतका निकायको समग्रमा भौतिक प्रगति ५२.३२ प्रतिशत र वित्तीय प्रगति ३३.५३ प्रतिशत भएको प्रस्तुती गर्नुभएको थियो ।

राम प्रसाद लम्साल
सहसचिव